# स्कुलका लागि महामारीकालीन EBT (P-EBT) र स्कुले बच्चाहरूका लागि ग्रीष्मकालीन P-EBT (**नयाँ !) का बारेमा प्रायः सोधिने प्रश्नहरू (FAQ)

शैक्षिक वर्ष 2021-2022 *(अगस्ट 5, 2022)*

---

## प्र1: P-EBT भनेको के हो ?

**उ**: यो COVID-19 का कारण स्कुल बन्द हुँदा र स्कुलमा उपस्थित हुन नसक्दा प्रभावित भएका परिवारहरूलाई मद्दत गर्न संघीय सरकारले स्वीकृत गरेको एउटा अस्थायी खाद्य लाभ हो ।

---

## प्र2: P-EBT लाभका लागि को-को योग्य हुन्छन् ?

**उ:** यो लाभका लागि सामान्यतया नेश्नल स्कुल लन्च प्रोग्राम (National School Lunch Program) अन्तर्गत स्कुलमा नि:शुल्क वा सुपथ मूल्यको खाना प्राप्त गर्ने विद्यार्थीका भर्मोन्टमा बसोवास गर्ने परिवारहरू योग्य हुन्छन् । निम्न अवस्थाहरूमा यी लाभहरू एक महिनाका लागि उपलब्ध गराइने छन्:

- विद्यार्थी उक्त महिना COVID का कारण स्कुलमा कम्तीमा एक दिन अनुपस्थित (माफीयोग्य) रहेको भएमा, **र**
- विद्यार्थीको स्कुल P-EBT का लागि "योग्य" भएमा । *कुनै स्कुल P-EBT का लागि कसरी योग्य हुन्छ भन्ने बारेमा जानकारी प्राप्त गर्न राज्य स्तरीय योजना यहाँ हेर्नुहोस्: [https://dcf.vermont.gov/esd/covid19/P-EBT](https://dcf.vermont.gov/esd/covid19/P-EBT).*

---

## प्र3: कुनै अनुपस्थिति कसरी COVID का कारणले हुने माफीयोग्य अनुपस्थितिका रूपमा योग्य हुन्छ ?

**उ:** COVID को कारणले हुने अनुपस्थिति भनेको निम्नमध्ये कुनै पनि कारणले सो महिनाको अवधिमा स्कुलबाट हुने माफीयोग्य अनुपस्थिति हो:

- COVID पोजिटिभ देखिएकाले वा COVID रोग लागेको अनुमान गरिएकाले,
- COVID सङ्क्रमण पुष्टि भएका व्यक्तिसँग नजिकको सम्पर्कमा आएको व्यक्तिका रूपमा पहिचान गरिएकाले,

- COVID का लक्षणहरूले गर्दा क्वारेन्टाइनमा बस्नुपर्ने र/वा COVID को परीक्षण गराउनुपर्ने भएकाले, वा
- सङ्क्रमणका केसहरू, COVID का कारण भएको कर्मचारीको अभाव, कन्ट्याक्ट ट्रेसिङ सञ्चालन गर्नुपर्ने अवस्था आदिलगायत COVID सँग सम्बन्धित कारणले अनियोजित रूपमा कक्षाकोठा, ग्रेड वा स्कुल बन्द गर्नु परेकाले वा दूर शिक्षा सुरु गर्नु परेकाले ।

---

**प्र4: हिउँ परेका कारण वा पानीको पाइप फुटेका कारण हाम्रो स्कुल बन्द भएको थियो । के यस्तो अवस्थामा विद्यार्थीहरू सो महिना P-EBT प्राप्त गर्न योग्य हुन्छन् ?**
**उ:** होइन, COVID सँग सम्बन्धित कारणले स्कुल बन्द हुँदा मात्र विद्यार्थीहरू यो लाभका लागि योग्य हुन्छन् ।

---

**प्र5. मेरो परिवार योग्य छ कि छैन भनेर कसरी पत्ता लगाउने ?**
**उ:** तपाईंको विद्यार्थीको स्कुलले भर्मोन्ट राज्यले उपलब्ध गराएको मापदण्डका आधारमा तपाईंका विद्यार्थी योग्य छन् कि छैनन् भनी निर्धारण गर्ने छ । स्कुलले आफूसँग सही विवरण छ कि छैन भन्ने कुरा सुनिश्चित गर्न तपाईंलाई सम्पर्क गर्न सक्ने छ । कृपया स्कुलले गरेको अनुरोधको जवाफ दिनुहोला । यदि तपाईं योग्य हुनुहुन्छ भने, तपाईंले डिपार्टमेन्ट फर चिल्ड्रेन एन्ड फेमिलिज (Department for Children and Families, DCF) बाट एउटा पत्र प्राप्त गर्नु हुने छ । त्यसमा तपाईं यो लाभ कसरी र कहिले प्राप्त गर्नु हुने छ भनेर बताइएको हुने छ ।

---

**प्र6: मैले गत शैक्षिक वर्ष (2020-21) मा P-EBT कार्ड प्राप्त गरेको थिएँ, तर अब सो कार्ड मसँग छैन । यसले कुनै समस्या हुन्छ कि ?**
**उ:** DCF ले तपाईंलाई अर्को कार्ड पठाउन सक्छ । अप्रिल र अगस्टमा जारी गरिने लाभसम्बन्धी सूचना पत्रहरूमा निर्देशनहरू समावेश गरिने छन् । यदि तपाईंले नयाँ कार्ड

पाउनुभयो भने कृपया उक्त कार्ड सुरक्षित राख्नुहोला । यस शैक्षिक वर्षमा एकभन्दा बढी चरणमा भुक्तानी हुने भएकाले यसमा अतिरिक्त लाभहरू थप्न सकिने छ ।

---

**प्र7: लाभबापत प्राप्त हुने रकम कहिले निकासा हुने छ ?**
**उ:** *सेप्टेम्बर 2021 देखि जनवरी 2022* सम्मको पहिलो चरणको लाभ रकम 2022 को अप्रिल महिनाको अन्तिमतिर निकासा गरिने छ । *फेब्रुअरी 2022 देखि जुन 2022* सम्मको लाभ रकम अगस्ट महिनामा निकासा गरिने छ ।

---

**प्र8: P-EBT लाभ कति रकमको हुने छ ?**
**उ:** मासिक लाभ रकम कति हुन्छ भन्ने कुरा COVID का कारणले अनुपस्थित रहेको दिनको औसत सङ्ख्यामा आधारित हुन्छ:

- सेप्टेम्बर 2021 देखि जनवरी 2022 सम्मको लाभ रकम प्रत्येक महिना $39.90 हुन्छ
- 2022 को फेब्रुअरीदेखि जुन महिनासम्मको लाभ रकम प्रत्येक महिना $48.78 हुन्छ

---

**प्र9: घरमा जति जना बच्चाहरू भए पनि P-EBT लाभ रकम उति नै हुन्छ ?**
**उ:** हरेक योग्य विद्यार्थीका लागि मासिक लाभ रकम समान हुन्छ । परिवारमा रहेका हरेक बालबालिका P-EBT का लागि योग्य रहेको महिनाको सङ्ख्याका आधारमा परिवारहरूले फरक-फरक लाभ रकम प्राप्त गर्ने छन् ।

---

**प्र10: मेरो विद्यार्थीको संरक्षकत्वको जिम्मेवारी दुई परिवारको रहेको छ । यस्तो अवस्थामा लाभ रकम कसले पाउँछ ?**
**उ:** विद्यार्थीको स्कुलले जुन वयस्क व्यक्तिलाई "घरमूली" का रूपमा सूचीकृत गरेको छ सोही व्यक्तिलाई लाभ रकम पठाइने छ । सो व्यक्ति विद्यार्थीका लागि निःशुल्क र सुपथ मूल्य भोजनको आवेदन पेस गर्ने वयस्क वा स्कुलको प्रणालीमा मुख्य सम्पर्क व्यक्तिको रूपमा सूचीकृत वयस्क व्यक्ति हुन सक्छ । स्कुलहरूले फेब्रुअरी महिनामा परिवारहरूलाई कसलाई "घरमूली" को रूपमा सूचीकृत गर्ने भनेर सम्पर्क गरिरहेका छन् । "घरमूली" को विवरण अद्यावधिक गर्नुपर्ने छ भने कृपया स्कुललाई सम्पर्क गर्नुहोस् ।

---

**प्र11: म यो लाभ रकम प्रयोग गरेर के-के खरिद गर्न सक्छु ?**

**उः** तपाईंले आफ्नो P-EBT लाभ रकमबाट खरिद गर्न सक्ने खाद्य वस्तुहरू USDA को वेबसाइटमा हेर्नुहोस्: https://www.fns.usda.gov/snap/eligible-food-items ।

---

**प्र12: म आफ्नो P-EBT कार्ड कहाँ-कहाँ प्रयोग गर्न सक्छु ?**
**उः** तपाईंले यो कार्ड 3SquaresVT स्वीकार गर्ने कुनै पनि स्थानमा खरिद गर्न मिल्ने खाद्य वस्तुहरू खरिद गर्नका लागि प्रयोग गर्न सक्नुहुन्छ । यसमा भर्मोन्टका किराना पसल, सुपरमार्केट, कन्भेनियन्स स्टोर र कयौँ फार्मर्स मार्केटहरू पर्दछन् । थप जानकारी DCF को वेबसाइट https://dcf.vermont.gov/benefits/ebt मा उपलब्ध छ ।

---

**प्र13: स्कुलमा पढ्ने मेरो कुनै पनि बच्चा छैन । मैले यो लाभ रकम पाउँछु त ?**
**उः** पाउनुहुन्न । यो लाभ रकम जसका बच्चाहरूले सामान्यतया नेश्नल स्कुल लन्च प्रोग्राममार्फत स्कुलमा नि:शुल्क वा सुपथ मूल्यको खाना पाउँछन् र COVID का कारण अनुपस्थित हुनु परेकाले वा स्कुल वा कक्षा बन्द भएकाले अब उक्त खाना घरमै खानु पर्ने परिवारहरूका लागि मात्र उपलब्ध छ ।

---

**प्र14: यो सामुदायिक स्कुलका विद्यार्थीका लागि मात्र हो कि ?**
**उः** होइन । केही स्वतन्त्र स्कुलहरू नेश्नल स्कुल लन्च प्रोग्राममा सहभागी भएका छन् र ती स्कुलका बालबालिकाहरू पनि यस लाभका लागि योग्य हुन सक्छन् । तथापि, धेरै स्वतन्त्र स्कुलहरू नेश्नल स्कुल लन्च प्रोग्राममा सहभागी भएका छैनन् र त्यहाँका विद्यार्थीहरू यस लाभका लागि योग्य छैनन् ।

---

**प्र15: कम्युनिटी इलिजिबिलिटी प्रोभिजन (Community Eligibility Provision, CEP) वा प्रावधान 2 प्रयोग गर्ने सबै विद्यार्थीहरूलाई निःशुल्क रूपमा बिहानको नास्ता र खाना उपलब्ध गराउने स्कुलका हकमा के हुन्छ ?**
**उः** P-EBT का लागि योग्य रहेका स्कुलका सबै विद्यार्थीहरूले उनीहरू COVID का कारणले अनुपस्थित हुनु परेको वा त्यहाँ COVID का कारणले स्कुल वा कक्षा बन्द गरिएको महिनाका लागि P-EBT लाभ प्राप्त गर्ने छन् ।

---

**प्र16: मेरो बच्चाको स्कुलका सबैले सामान्यतया प्रावधान 2 मार्फत नि:शुल्क रूपमा बिहानको नास्ता पाउँछन् । के सबैले P-EBT लाभ पाउने छन् ?**

**उः** होइन । सामान्यतया प्रावधान 2 वा CEP प्रयोग गरी बिहानको नास्ता र खाना दुवै निःशुल्क रूपमा उपलब्ध गराउने स्कुलका विद्यार्थीहरूलाई मात्र लाभ रकम प्रदान गरिने छ । यदि तपाईंको स्कुलले सामान्यतया प्रावधान 2 प्रयोग गरेर मात्र निःशुल्क रूपमा बिहानको नास्ता खुवाउँछ भने, विद्यार्थी P-EBT का लागि योग्य छ वा छैन भन्ने कुरा हरेक विद्यार्थी निःशुल्क र सुपथ मूल्यको भोजनका लागि योग्य छ वा छैन् भन्ने कुराका आधारमा निर्धारण गरिने छ ।

---

**प्र17: हाम्रो स्कुलले यस वर्ष सबै बालबालिकालाई निःशुल्क खाना उपलब्ध गराउँदै छ । के यसको अर्थ सबै विद्यार्थीहरूले लाभ रकम पाउने छन् ?**
**उः** होइन । तपाईंको विद्यार्थीको स्कुलले सामान्यतया CEP वा प्रावधान 2 मार्फत "सर्वव्यापी भोजन" प्रदान गर्दैन भने यो लाभ पाउन योग्य रहने-नरहने कुरा हरेको विद्यार्थी स्कुलमा निःशुल्क र सुपथ मूल्यको भोजनका लागि योग्य छ वा छैन् भन्ने कुराका आधारमा निर्धारण गरिने छ । USDA बाट प्राप्त छुट प्रयोग गरेर स्कुलहरूले यस वर्ष सबै बालबालिकालाई निःशुल्क खाना प्रदान गर्न सक्छन्, तर यसकै कारणले स्कुलका सबै विद्यार्थीहरू P-EBT का लागि योग्य हुँदैनन् ।

---

**प्र18: मेरो बच्चालाई यस वर्ष होमस्कुलमा (घरमै राखेर) पठाइँदै छ । के हामी लाभ रकमका लागि योग्य हुन्छौँ ?**
**उः** हुनुहुन्न । P-EBT लाभ सामान्यतया नेश्नल स्कुल लन्च प्रोग्राममा भाग लिने स्कुलमा भर्ना भएका विद्यार्थीहरूका लागि मात्र उपलब्ध हुन्छ । घरमै अध्ययन गर्ने गरी भर्ना भएका विद्यार्थीहरूले पनि खुल्ला भोजन वितरण केन्द्रहरूबाट खाना प्राप्त गर्न सक्छन् । आफू नजिकैको खुल्ला भोजन वितरण केन्द्र फेला पार्न 2-1-1 डायल गर्नुहोस् वा USDA को Meal Finder वेबपेज: https://www.fns.usda.gov/meals4kids मा जानुहोस् ।

---

**प्र19: स्कुल बन्द हुँदा वा मेरो बच्चा अनुपस्थित रहँदा, हामी 'टु-गो' खाना सङ्कलन गर्छौँ वा स्कुलले घरमै खाना पठाउँछ । मैले P-EBT लाभ पाएँ भने मैले त्यसो गर्न बन्द गर्नुपर्ने हो ? त्यसले हामीलाई लाभका लागि अयोग्य बनाउँछ कि ?**

**उ:** होइन । दूर शिक्षा लिने दिनहरूमा खाना प्राप्त गर्ने विद्यार्थीहरू P-EBT लाभका लागि पनि योग्य हुन्छन् । तपाईंले ती खाना प्राप्त गर्न सक्नुहुन्छ र यो लाभका लागि पनि योग्य हुन सक्नुहुन्छ ।

---

## प्र20: स्कुलमा भर्ना नभएका मेरा अरू छोराछोरी पनि छन् । तिनीहरू लाभका लागि योग्य हुन्छन् कि हुँदैनन् ?

**उ:** हुँदैनन् । P-EBT लाभ सामान्यतया नेश्नल स्कुल लन्च प्रोग्राममा सहभागी हुने स्कुलमा भर्ना भएका बालबालिकाका लागि मात्र उपलब्ध छ ।

---

## प्र21: मेरा छोराछोरी पहिले नि:शुल्क वा सुपथ मूल्यको खानाका लागि योग्य थिएनन् तर अहिले हाम्रो अवस्था परिवर्तन भएको छ । के म P-EBT लाभ पाउन सक्छु ?

**उ:** यदि तपाईंको आर्थिक स्थितिमा परिवर्तन आएको छ भने, हामी तपाईंलाई निम्न कार्यक्रमका लागि आवेदन दिन प्रोत्साहन गर्दछौँ:

- **3SquaresVT** - यदि तपाईंले मासिक लाभ प्राप्त गर्नुभयो भने तपाईंका बच्चा स्कुलममा निःशुल्क खानाका लागि योग्य हुने छन् र P-EBT लाभ प्राप्त गर्न सक्ने छन् । आवेदन दिने तरिका थाहा पाउन DCF को वेबसाइट https://dcf.vermont.gov/benefits/3SquaresVT मा हेर्नुहोस् ।
- **नि:शुल्क वा सुपथ मूल्यको खाना** – आवेदन आफ्नो बच्चाको स्कुल वा एजेन्सी अफ एजुकेसन (Agency of Education) को वेबसाइट: https://education.vermont.gov/ बाट प्राप्त गर्नुहोस् । तपाईंले स्कुलमा पेस गर्नुभएका आवेदनहरू स्वीकृत भएका खण्डमा तपाईंको परिवार सेप्टेम्बर 2021 सम्मको लाभ रकमका लागि योग्य हुन सक्छ ।

---

## प्र22: मैले यो लाभ रकम लिन चाहिनँ भने के हुन्छ ?

**उ:** सहभागिता स्वेच्छिक हुन्छ । तपाईं सहभागी हुन चाहनुहुन्न भने, या त:

- आफ्नो 3SquaresVT EBT कार्डमा निकासा गरिएका अतिरिक्त लाभहरू प्रयोग नगर्नुहोला । *वा*
- तपाईंका लागि विशेष रूपमा जारी गरिएको P-EBT कार्डको चुम्बकीय स्ट्रिप काटेर सुरक्षित तरिकाले कार्ड मिल्काउनुहोला । तपाईंले आफ्नो कार्ड अरू कसैलाई पनि दिन मिल्दैन ।

**प्र23: P-EBT लाभ रकम खर्च भएन भने म्याद सकिन्छ कि ?**
**उ:** हो । 274 दिनभित्र कार्ड प्रयोग गरिएन भने P-EBT लाभ रकमको म्याद समाप्त हुन्छ ।

**प्र24: म थप प्रश्नहरू सोध्न चाहन्छु । म थप जानकारी कहाँबाट पाउन सक्छु ?**
**उ:** थप जानकारीका लागि https://dcf.vermont.gov/esd/covid19/P-EBT मा हेर्नुहोस् वा 1-800-479-6151 मा फोन गर्नुहोस् । यदि तपाईंलाई नि:शुल्क तथा सुपथ मूल्यको भोजनका लागि आफ्नो विद्यार्थीको योग्यताका बारेमा विशेष चिन्ता छ वा कार्ड प्राप्त गर्ने घरमूली वा पत्राचार ठेगाना परिवर्तन गर्न चाहनुहुन्छ भने कृपया आफ्नो विद्यार्थीको स्कुलमा सम्पर्क गर्नुहोस् ।

## ************** ग्रीष्मकालीन P-EBT**************

**प्र25: ग्रीष्मकालीन P-EBT भनेको के हो ?**
उ: यो गर्मी अवधिभरी स्कुले बालबालिकाहरूलाई प्रदान गरिने P-EBT लाभहरूको अतिरिक्त मात्रा हो ।

**प्र26: ग्रीष्मकालीन P-EBT लाभका लागि को-को योग्य हुन्छन् ?**
उ: यो लाभका लागि शैक्षिक वर्ष 2021-2022 वर्षमा योग्य भएका र जुन महिनासम्म भर्मोन्ट स्कुलमा भर्ना भएका विद्यार्थीका भर्मोन्टमा बसोवास गर्ने परिवारहरू योग्य हुन्छन् । नि:शुल्क वा सुपथ मूल्यको खानाका लागि योग्य रहेका वा प्रावधान 2 वा CEP मार्फत नि:शुल्क रूपमा बिहानको नास्ता र खाना उपलब्ध गराउने स्कुलमा अध्ययनरत विद्यार्थीहरू यस लाभका लागि योग्य हुन्छन् ।

**प्र27. मेरो परिवार योग्य छ कि छैन भनेर कसरी पत्ता लगाउने ?**
उ: तपाईंको विद्यार्थीको स्कुलले राज्यले उपलब्ध गराएको मापदण्डका आधारमा तपाईंका विद्यार्थी योग्य छन् कि छैनन् भनी निर्धारण गर्ने छ । स्कुलले आफूसँग सही विवरण छ कि छैन भन्ने कुरा सुनिश्चित गर्न तपाईंलाई सम्पर्क गर्न सक्ने छ । कृपया स्कुलले गरेको

अनुरोधको जवाफ दिनुहोला । यदि तपाईं योग्य हुनुहुन्छ भने, तपाईंले DCF बाट एउटा पत्र प्राप्त गर्नुहुने छ जसमा तपाईंले लाभ कसरी र कहिले प्राप्त गर्नुहुने छ भनेर व्याख्या गरिएको हुने छ ।

---

**प्र28: यदि हामी योग्य भयौँ भने, हामी यी लाभहरू कसरी प्राप्त गर्ने छौँ ?**
उ: यदि तपाईं हाल EBT कार्डमा 3SquaresVT पाइरहनुभएको छ भने, तपाईंलाई त्यही कार्डमा P-EBT लाभ निकासा गरिने छ । यदि तपाईंले पहिले नै P-EBT कार्ड प्राप्त गरिसक्नुभएको छ भने, तपाईंलाई P-EBT लाभ रकम उक्त कार्डमा निकासा गरिने छ । यदि प्राप्त गरिसक्नुभएको छैन भने, तपाईंले विशेष P-EBT कार्ड प्राप्त गर्नुहुने छ । कृपया आफ्नो P-EBT कार्ड राख्नुहोस् ।

---

**प्र29: ग्रीष्मकालीन लाभ रकम कहिले निकासा गरिने छ ?**
उ: ग्रीष्मकालीन P-EBT लाभ रकम दुई चरणमा निकासा गरिने छ:

- पहिले नै निःशुल्क/सुपथ मूल्यको खानाका लागि योग्य भएका वा जुन महिनाभित्र CEP वा प्रावधान 2 विद्यालयमा भर्ना भइसकेका विद्यार्थीहरूका लागि गर्मीयामको पहिलो चरणको P-EBT लाभ रकम अगस्ट 2022 मा निकासा गरिने अपेक्षा गरिएको छ ।
- 2022 जुन महिनाभित्र भर्मोन्ट स्कुलमा भर्ना भएका तर गर्मीयाममा निःशुल्क/सुपथ मूल्यको खानाका लागि योग्य पाइएका विद्यार्थीहरूका लागि, लाभ रकम 2022 को सेप्टेम्बरमा निकासा गरिने छ ।

---

**प्र30: नि:शुल्क/सुपथ मूल्यको खानाका लागि आवेदन दिन र ग्रीष्मकालीन P-EBT प्राप्त गर्ने प्रयोजनका लागि कुन अवधिलाई ग्रीष्मकालीन अवधि मानिन्छ ?**
उ: पहिले नै नि:शुल्क/सुपथ मूल्यको खानाका लागि योग्य नभइसकेका परिवारहरूले अगस्ट 19, 2022 सम्म कुनै पनि बेला आवेदन दिन सक्ने छन् र यदि योग्य पाइएमा तिनले पूरै ग्रीष्मकालीन P-EBT लाभ रकम प्राप्त गर्ने छन् । नि:शुल्क/सुपथ मूल्यको खानाका लागि शैक्षिक सत्र सकिएपछि र अगस्ट 19 को दिन वा सोभन्दा अघि आवेदन दिने परिवारहरूले उनीहरूको ग्रीष्मकालीन P-EBT लाभ रकम दोस्रो चरणमा सेप्टेम्बरमा

निकासा गरिने छ । ग्रीष्मकालीन P-EBT प्राप्त गर्ने प्रयोजनका लागि निःशुल्क/सुपथ मूल्यको खानाका लागि आवेदन दिने अन्तिम मिति अगस्ट 19, 2022 हो ।

---

**प्र31: ग्रीष्मकालीन P-EBT लाभमा कति रकम हुने छ ?**

उ: हरेक योग्य बच्चाका लागि ग्रीष्मकालीन P-EBT लाभ रकम $391 हुने छ । यो एक पटकका लागि समान दरका सहिदाबले प्रदान गरिने लाभ रकम हो ।

---

**प्र32: घरमा जति जना बच्चाहरू भए पनि ग्रीष्मकालीन P-EBT लाभ रकम उति नै हुन्छ ?**

उ: प्रत्येक योग्य बच्चाका लागि ग्रीष्मकालीन P-EBT लाभ रकम $391 हुने छ ।

---

**प्र33: यदि म हाम्रो स्कुलको *ग्र्याब एन्ड गो* केन्द्रबाट आफ्नो बच्चाका लागि खाना लिन्छु वा अन्य भोजन वा खाद्य कार्यक्रमहरू प्रयोग गरिरहेको छु भने, मैले ग्रीष्मकालीन P-EBT लाभ रकम प्राप्त गरेमा त्यसो गर्न बन्द गर्नुपर्ने हो ? त्यसले हामीलाई लाभका लागि अयोग्य बनाउँछ कि ?**

उ: बनाउँदैन । तपाईंले ती खाना प्राप्त गर्न सक्नुहुन्छ र यो लाभका लागि पनि योग्य हुन सक्नुहुन्छ ।

---

**प्र34: स्कुलमा भर्ना नभएका मेरा अरू छोराछोरी पनि छन् । तिनीहरू लाभका लागि योग्य हुन्छन् कि हुँदैनन् ?**

उ: होइन । ग्रीष्मकालीन लाभ लगायत बाल स्याहार P-EBT लाभका लागि कुन-कुन बच्चा योग्य हुन्छन् भन्ने बारेमा जानकारीका लागि कृपया बाल स्याहार P-EBT सम्बन्धी प्रायः सोधिने प्रश्नहरू हेर्नुहोस् ।

---

**प्र35: मेरो बच्चाले जुन 2022 मा माध्यमिक तह पूरा गरे, के मेरा बच्चा योग्य हुन्छन् ?**

उ: यदि तपाईंको बच्चा 2022 को जुन महिनामा निःशुल्क/सुपथ मूल्यको खानाका लागि योग्य थिए भने, तपाईंको बच्चा ग्रीष्मकालीन P-EBT लाभका लागि योग्य हुने छन् ।

---

**प्र36: मेरो बच्चाले 2022 जनवरीको सुरुमा माध्यमिक तह पूरा गरे, के मेरो बच्चा योग्य हुन्छन् ?**

उ: होइन । ग्रीष्मकालीन P-EBT का लागि योग्य हुनका लागि, बच्चालाई 2022 को जुन महिनासम्म स्कुलमा भर्ना गरिएको हुनु पर्छ । तपाईंको बच्चाले जनवरीमा नै माध्यमिक तह पूरा गरिसकेको हुनाले, उनीहरूलाई जुन महिनामा भर्ना गरिएको मानिने छैन ।

---

**प्र37: ग्रीष्मकालीन P-EBT का लागि योग्य हुन के मेरो बच्चा समर स्कुलमा उपस्थित हुनुपर्छ ?**

उ: होइन । बच्चा ग्रीष्मकालीन P-EBT का लागि योग्य हुने-नहुने निर्धारण गर्न उनी गर्मी याममा स्कुलमा उपस्थित भए-नभएको पक्षलाई ध्यान दिइँदैन ।

---

**प्र38: ग्रीष्मकालीन P-EBT लाभ रकम खर्च भएन भने म्याद सकिन्छ कि ?**

उ: हो । 274 दिनभित्र कार्ड प्रयोग गरिएन भने P-EBT लाभ रकमको म्याद समाप्त हुने छ ।

---

**प्र39: मेरो बच्चा नि:शुल्क र सुपथ मूल्यको खानाका लागि योग्य छन् तर शैक्षिक वर्ष 2021-2022 मा व्यक्तिगत रूपमा उपस्थित भई अध्ययन गरिरहेका थिए, के मेरो बच्चा ग्रीष्मकालीन P-EBT का लागि योग्य हुन्छन् ?**

उ: हो । योग्यता नि:शुल्क/सुपथ मूल्यको खानाका लागि योग्यतामा निर्भर रहन्छ ।

---

**प्र40: म ग्रीष्मकालीन P-EBT का बारेमा थप प्रश्नहरू सोध्न चाहन्छु । म थप जानकारी कहाँबाट पाउन सक्छु ?**

उ: थप जानकारीका लागि https://dcf.vermont.gov/esd/covid19/P-EBT मा हेर्नुहोस् वा 1-800-479-6151 विकल्प 7 मा फोन गर्नुहोस् । यदि तपाईंलाई नि:शुल्क तथा सुपथ मूल्यको भोजनका लागि आफ्नो विद्यार्थीको योग्यताका बारेमा विशेष चिन्ता छ वा कार्ड प्राप्त गर्ने घरमूली वा पत्राचार ठेगाना परिवर्तन गर्न चाहनुहुन्छ भने कृपया आफ्नो विद्यार्थीको स्कुलमा सम्पर्क गर्नुहोस् ।

VERMONT
AGENCY OF HUMAN SERVICES
DEPARTMENT FOR CHILDREN & FAMILIES

VERMONT
AGENCY OF EDUCATION